बडीमालिका नगरपालिका

स्थानीय राजपत्र

खण्ड:-१०　　संख्या -१　　मितिः२०८३ असोज २७ मंगलबार

भाग-२

लोकसेवा तथा जनशक्ति विकास सहयोग कार्यविधि (छनौट तथा सञ्चालन), २०८३

स्थानीय सरकार सञ्चालन ऐन २०७४ बमोजिम सार्वजनिक जानकारीको लागि देहाय बमोजिम प्रकाशन गरिएको छ।

आज्ञाले,
लोकराज जोशी
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

नगर प्रमुख

लोकसेवा तथा जनशक्ति विकास सहयोग (छनौट तथा सञ्चालन) कार्यविधि, २०८३

प्रस्तावनाः

बडीमालिका नगरपालिका क्षेत्रभित्रका विपन्न, होनहार, लक्षित तथा सीमान्तकृत समुदायका युवाहरूलाई निजामती सेवा (प्राविधिक तथा अप्राविधिक), संगठित संस्था, शिक्षक सेवा र सुरक्षा निकायद्वारा लिइने लोक सेवा आयोगका विभिन्न पदहरूको तयारी कक्षामा पहुँच वृद्धि गर्न; साथै निजामती तथा सार्वजनिक सेवामा स्थानीय प्रतिनिधित्व बढाउन स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले दिएको अधिकार प्रयोग गरी बडीमालिका नगर कार्यपालिकाले यो कार्यविधि तयार गरी लागू गरेको छ।

परिच्छेद–१: प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः

(१) यस कार्यविधिको नाम "बडीमालिका नगरपालिका लोकसेवा तयारी कक्षा सहयोग कार्यविधि, २०८३" रहनेछ।

(२) यो कार्यविधि नगर कार्यपालिकाबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ।

२. परिभाषाः

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,—

(क) "नगरपालिका" भन्नाले बडीमालिका नगरपालिका, बाजुरा सम्झनु पर्छ।

(ख) "समिति" भन्नाले दफा ८ बमोजिम गठित छनौट तथा अनुगमन समिति सम्झनु पर्छ।

(ग) "लाभार्थी विद्यार्थी" भन्नाले यस कार्यविधि बमोजिम छनौट भई सहयोग प्राप्त गर्ने परीक्षार्थीलाई सम्झनु पर्छ।

(घ) "शिक्षण/तालिम संस्था" भन्नाले लोकसेवा तथा प्राविधिक तयारी कक्षा सञ्चालन गर्न दर्ता भएका मान्यता प्राप्त अनलाइन वा अफलाइन (भौतिक) शिक्षण संस्थाहरू सम्झनु पर्छ।

परिच्छेद–२: योग्यता, कोटा तथा बजेट व्यवस्थापन

३. उम्मेदवारको न्यूनतम योग्यताः

यस कार्यक्रममा सहभागी हुन आवेदन दिने उम्मेदवारले निम्न योग्यता पूरा गरेको हुनुपर्नेछः

(क) नेपालको नागरिक भई बडीमालिका नगरपालिकाको स्थायी बासिन्दा भएको (वडा कार्यालयको सिफारिस र नागरिकता प्रमाणपत्र)।

(ख) सम्बन्धित पद/तहका लागि लोकसेवा आयोग वा प्रदेश लोकसेवा आयोगले तोकेको न्यूनतम शैक्षिक योग्यता हासिल गरेको।

(ग) सम्बन्धित पदको लागि तोकिएको उमेर हद (१८/२१ वर्ष पुरा भई ३५ वर्ष ननाघेको, महिला तथा अपाङ्गता भएका व्यक्तिको हकमा ४० वर्ष ननाघेको)।

(घ) यसअघि बडीमालिका नगरपालिका वा अन्य कुनै सरकारी निकायबाट सोही तहको लोकसेवा तयारी कक्षाका लागि पूर्ण छात्रवृत्ति वा अनुदान नलिएको स्व-घोषणा।

नगर प्रमुख

नगर प्रमुख

४. पदगत कोटा, बजेट तथा कक्षा मोडल सञ्चालनः

अधिकतम परीक्षार्थीहरूको सहभागिता सुनिश्चित गर्न लोक सेवा तथा अन्य प्रतिस्पर्धी परीक्षाको तयारीका लागि अनलाइन/हाइब्रिड (Online/Hybrid) मोडललाई प्राथमिकता दिइनेछ। बजारमा उपलब्ध अनलाइन तथा भौतिक (अफलाइन) कक्षाहरूको लागत, प्रभावकारिता र परीक्षार्थीहरूको पहुँचलाई मध्यनजर गर्दै लोक सेवाका विभिन्न पदहरूबमोजिम छुट्टाछुट्टै कोटा निर्धारण गरिनेछ। अध्यापन गराउने संस्था, कोटाको विस्तृत विवरण तथा कक्षा सञ्चालनसम्बन्धी शुल्कको अन्तिम निर्धारण कार्यविधिबमोजिम गठन हुने छनौट समितिको सिफारिसका आधारमा गरिनेछ।

परिच्छेद–३: छनौट प्रक्रिया र अङ्क भार

५. आवेदन आह्वान र पेश गर्ने कागजातः

नगरपालिकाले कम्तीमा १५ (पन्ध्र) दिनको म्याद दिई सार्वजनिक सूचना प्रकाशन गर्नेछ। निवेदकले निम्न कागजात संलग्न गरी आवेदन दिनुपर्नेछः

(१) नागरिकताको प्रतिलिपि र स्थायी बसोबास सम्बन्धी वडाको सिफारिस।

(२) न्यूनतम शैक्षिक योग्यताको लब्धाङ्क पत्र (Transcript/Marksheet)।

(३) विपन्नता/लक्षित वर्ग (दलित, जनजाति, अपाङ्गता, एकल महिला, द्वन्द्वपीडित आदि) को प्रमाणित प्रमाण।

६. उम्मेदवार छनौटका आधार तथा मूल्याङ्कन (कुल १०० अङ्क):

क) आर्थिक तथा सामाजिक अवस्था (४० अङ्क): अति विपन्न/गरिबी परिचयपत्र धारक (१५), महिला/दलित/जनजाति/सीमान्तकृत (१५), द्वन्द्वपीडित/सहिद परिवार/अपाङ्गता (१०)।

ख) शैक्षिक योग्यताको प्राप्ताङ्क (६० अङ्क): विशिष्ट श्रेणी / GPA ३.६ – ४.०: ६० अङ्क, प्रथम श्रेणी / GPA ३.२ – ३.५९: ५० अङ्क, द्वितीय श्रेणी / GPA २.४ – ३.१९: ४० अङ्क, तृतीय श्रेणी / GPA १.६ – २.३९: ३० अङ्क

परिच्छेद–४: संस्था छनौट, भुक्तानी तथा सर्तहरू

७. शिक्षण/तालिम संस्था छनौट र भुक्तानी प्रक्रियाः

(१) नगरपालिकाले सार्वजनिक खरिद ऐन/नियम तथा नगरपालिका खरिद नियमावली बमोजिम मान्यता प्राप्त, अनुभवी र उच्च सफलता दर भएका लोकसेवा तयारी संस्थानहरूसँग कोटेशन/प्रस्ताव आह्वान गरी सामूहिक छुट (Bulk Discount) मा सम्झौता (MoU) गर्नेछ।

(२) रकम भुक्तानी विधिः रकम सोझै विद्यार्थीको खातामा नदिई नगरपालिकाले सम्बन्धित शिक्षण संस्थालाई दुई किस्तामा भुक्तानी गर्नेछः

- प्रथम किस्ता (४०%): विद्यार्थी भर्ना भई कक्षा सुरु भएपछि।
- दोस्रो/अन्तिम किस्ता (६०%): विद्यार्थीको अनिवार्य ८०% उपस्थिति र नियमित नमुना परीक्षा (Mock Test) सहभागी भएको प्रतिवेदन शिक्षण संस्थाले पेश गरेपछि।

नगर प्रमुख

८. छनौट तथा अनुगमन समितिः

कार्यक्रम सञ्चालन तथा उम्मेदवार छनौटका लागि ५ सदस्यीय समिति रहनेछः

१. प्रमुख प्रशासकीय अधिकृत – संयोजक

२. सामाजिक विकास समिति संयोजक / नगर कार्यपालिका सदस्य – सदस्य

३. शिक्षा/प्रशासन शाखा प्रमुख – सदस्य

४. लेखा प्रमुख – सदस्य

५. नगरपालिकाको तोकिएको अधिकृत कर्मचारी – सदस्य-सचिव

९. परीक्षार्थी/लाभार्थीको कर्तव्य तथा सर्तहरूः

(१) छनौट भएका विद्यार्थीले अनलाइन वा भौतिक कक्षामा अनिवार्य रूपमा कम्तीमा ८० प्रतिशत उपस्थिति पुर्याउनुपर्नेछ।

(२) सम्बन्धित लोकसेवा आयोग/प्रदेश लोकसेवा आयोगले विज्ञापन खुलाएपछि अनिवार्य रूपमा दरखास्त फाराम भर्नुपर्नेछ।

(३) बिना कुनै मनासिब कारण बिचैमा कक्षा छाडेमा वा अनुशासित व्यवहार नगरेमा नगरपालिकाले निजलाई भविष्यमा दिइने अन्य सुविधाबाट बञ्चित गर्न र अनुदान रकम असुल उपर गर्न सक्नेछ।

परिच्छेद–५: विविध

१०. कार्यविधि संशोधनः

यस कार्यविधिमा कुनै संशोधन वा परिमार्जन गर्नुपरेमा नगर कार्यपालिकाको निर्णयबाट गर्न सकिनेछ।

११. द्विविधा निरूपणः

यस कार्यविधिको पालना वा व्याख्यामा कुनैं द्विविधा वा असपष्टता उत्पन्न भएमा नगर कार्यपालिकाको निर्णय अन्तिम र सर्वमान्य हुनेछ।

नगर प्रमुख

नगर प्रमुख

अनुसूची-१:

लोकसेवा तयारी कक्षा सञ्चालन सम्बन्धी अति जरुरी सूचनाको ढाँचा

बडीमालिका नगरपालिका

नगर कार्यपालिकाको कार्यालय, मार्तडी, बाजुरा

लोकसेवा तथा प्राविधिक तयारी कक्षा सहयोगसम्बन्धी १५ दिने सूचना

(प्रथम पटक प्रकाशित मितिः २०८३/--/--)

बडीमालिका नगरपालिका क्षेत्रभित्रका आर्थिक रूपले विपन्न, लक्षित तथा सीमान्तकृत वर्गका युवाहरूलाई लोकसेवा आयोग तथा प्रदेश लोकसेवा आयोगद्वारा लिइने विभिन्न पदहरूको तयारी कक्षामा सहज पहुँच पुर्याउने उद्देश्यले "लोकसेवा तथा जनशक्ति विकास सहयोग कार्यविधि, २०८३" बमोजिम शाखा अधिकृत, नायब सुब्बा, र खरिदार पदको तयारी कक्षाका लागि निःशुल्क छात्रवृत्ति/अनुदान सहयोग उपलब्ध गराइने भएको छ।

तसर्थ, योग्यता पुगेका इच्छुक स्थानीय बासिन्दाहरूले यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र नगरपालिकाको शिक्षा शाखामा वा तोकिएको अनलाइन पोर्टल मार्फत आवेदन फाराम बुझाउनुहुन अनुरोध गरिन्छ। आवेदन फाराम र कार्यविधि नगरपालिकाको वेबसाइट www.badimalikamun.gov.np बाट डाउनलोड गर्न सकिनेछ।

—प्रमुख प्रशासकीय अधिकृत

जगर प्रमुख

अनुसूची-२:

छात्रवृत्ति तयारी कक्षा सहयोगको लागि आवेदन फारामको ढाँचा

बडीमालिका नगरपालिका

मार्तडी, बाजुरा

विषय: लोकसेवा तयारी कक्षा सहयोग उपलब्ध गराइपाउँ सम्बन्धमा।

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू,

बडीमालिका नगरपालिका, मार्तडी, बाजुरा।

महोदय,

बडीमालिका नगरपालिकाबाट प्रकाशित सूचना अनुसार म यस नगरपालिकाको स्थायी बासिन्दा भई लोकसेवा आयोग अन्तर्गतको तयारी कक्षा लिन इच्छुक भएकोले यो आवेदन फाराम पेश गरेको छु। मेरो विवरण देहाय बमोजिम छ:

Photo

१. व्यक्तिगत विवरण:

- क) निवेदकको पूरा नाम (देवनागरीमा): .....
- ख) (अंग्रेजीमा BLOCK Letter): .....
- ग) स्थायी ठेगाना: जिल्ला: बाजुरा, गा.न.स.पा.: बडीमालिका नगरपालिका, वडा नं.: .....
- घ) नागरिकता नं.: .....जारी जिल्ला: बाजुरा, मिति: .....
- ङ) सम्पर्क फोन नम्बर: ..... इमेल: .....

२. शैक्षिक योग्यताको विवरण:

- क) परीक्षा दिएको तह (शाखा अधिकृत/नासु/ओभरसियर/खरिदार/अन्य): .....
- ख) उत्तीर्ण गरेको शैक्षिक योग्यता: .....
- ग) प्राप्ताङ्क प्रतिशत / GPA: .....

३. समावेशी तथा आर्थिक अवस्था (लागू हुनेमा ✔ चिन्ह लगाउने):

- [ ] अति विपन्न / गरिबी परिचयपत्र धारक
- [ ] दलित / आदिवासी जनजाति / सीमान्तकृत
- [ ] महिला / एकल महिला

जगर प्रमुख

अनुसूची ३

नगर प्रमुख

इन्स्टिच्युट संस्थाका लाग सूचना

बडीमालका नगरपालिका
नगर कार्यपालिकाको कार्यालय, बाजुरा

सार्वजनिक सूचना

लोकसेवा तयारी कक्षा सञ्चालनका लाग प्रस्ताव आह्वान सम्बन्धी सूचना

यस बडीमालिका नगरपालिकाको आ.व. २०८३/८४ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत लोकसेवा तयारी कक्षा सहयोग कार्यक्रम सञ्चालन गर्न लागिएको हुँदा लोकसेवा आयोगबाट सञ्चालन हुने प्रशासन समुहको अधिकृत छैठै,सुब्बा पाँचौं र खरिदार चौथो तहका परीक्षाको तयारी कक्षा सञ्चालन गर्न इच्छुक, अनुभवी तथा दक्ष इन्स्टिच्युट/शैक्षिक संस्थाहरूबाट प्रस्ताव आह्वान गरिन्छ।कार्यक्रम अन्तर्गत आवश्यकता अनुसार बाजुरा, धनगढी तथा काठमाडौंमा भौतिक/अफलाइन कक्षा तथा अनलाइन कक्षा सञ्चालन गर्न सक्ने संस्थाले सुचना प्रकाशित भएको मितिले ७ दिन भित्र अफलाइन तथा अनलाइन कक्षाको दररेट प्रस्ताव पेश गर्न सक्नेछन्।

प्रस्तावमा समावेश गर्नुपर्ने विवरण

१. संस्थाको नाम, ठेगाना, सम्पर्क तथा दर्ता विवरण।
२. लोकसेवा तयारी कक्षा सञ्चालन गरेको विगतको अनुभव र अवधि।
३. काठमाडौं, धनगढी तथा बाजुरामा अफलाइन कक्षा सञ्चालन गर्न सक्ने क्षमता र उपलब्ध पूर्वाधारको विवरण।
४. अनलाइन कक्षा सञ्चालन गर्ने विधि, प्रविधि तथा प्लेटफर्मको विवरण।
५. विगतमा सञ्चालन गरिएका लोकसेवा तयारी कक्षाको विवरण।
६. विगतका लोकसेवा परीक्षामा सहभागी भएका विद्यार्थी तथा सफल भएका परीक्षार्थीको संख्या र विवरण।
७. विगतका परीक्षाहरूको नतिजा/सफलता विवरण तथा प्रमाणित गर्न सकिने आधार।
८. कक्षा सञ्चालनमा संलग्न हुने दक्ष तथा अनुभवी प्रशिक्षक/विषयगत विज्ञहरूको विवरण, शैक्षिक योग्यता तथा अनुभव।
९. प्रस्तावित विषय, तह, पाठ्यक्रम, कक्षा अवधि तथा कक्षा तालिका।
१०. नियमित परीक्षा, मोडल टेस्ट, विद्यार्थीको प्रगति मूल्याङ्कन तथा परामर्शको व्यवस्था।
११. कार्यक्रम सञ्चालनको कार्ययोजना तथा आर्थिक प्रस्ताव।
१२. अन्य सम्बन्धित आवश्यक कागजातहरू।

नगर प्रमुख

• [ ]अपाङ्गता भएका व्यक्ति / द्वन्द्वपीडित / सहिद परिवार

४. संलग्न कागजातहरू:

१. नागरिकता प्रमाणपत्रको प्रतिलिपि – १ थान

२. स्थायी बसोबास खुल्ने वडा कार्यालयको सिफारिस – १ थान

३. न्यूनतम शैक्षिक योग्यताको लब्धाङ्क पत्र (Transcript) को प्रतिलिपि – १ थान

४. लक्षित वर्ग वा विपन्नता खुल्ने आधिकारिक प्रमाण पत्रको प्रतिलिपि (भएमा) – १ थान

घोषणा:

माथि उल्लेखित विवरण सत्य, तथ्य हुन्। झुट्टा ठहरिएमा कानुन बमोजिम सहने बुझाउने छु र यसअघि अन्य कुनै निकायबाट यस्तो सुविधा लिएको छैन।

निवेदकको सही: .....

नाम: .....

मिति: २०८१ साल ..... महिना ..... गते।

नगरप्रमुख

अनुसूची-४:

नगरपालिका र शिक्षण संस्थाबीच हुने सम्झौता पत्र (MoU) को ढाँचा

लोकसेवा तयारी कक्षा सञ्चालन तथा व्यवस्थापन सम्झौता पत्र

यो सम्झौता पत्र एक पक्षीय रूपमा मिति २०८३ साल ..... महिना ..... गते बडीमालिका नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, मार्तडी, बाजुरा (यसपछि "नगरपालिका" भनिएको) र ..... स्थित शिक्षण/तालिम संस्था (यसपछि "संस्था" भनिएको) बीच देहायका सर्तहरूको अधीनमा रही सम्पन्न गरिएको छः

१. सञ्चालन हुने कक्षा र विद्यार्थी संख्याः

संस्थाले बडीमालिका नगरपालिकाद्वारा सिफारिस गरिएका जम्मा ..... जना विद्यार्थीहरूलाई (अधिकृतः ....., नासु/ओभरसियरः ....., खरिदार/अनिमः .....) अनलाइन/भौतिक माध्यमबाट लोकसेवा आयोगको पाठ्यक्रम अनुसारको तयारी कक्षा र अध्ययन सामग्री (Notes/Test Series) उपलब्ध गराउनेछ।

२. वित्तीय व्यवस्था तथा भुक्तानी सर्तः

कक्षा सञ्चालनबापत लाग्ने कुल अनुदान रकम रु. ..... (अक्षरेपी ..... मात्र) नगरपालिकाले संस्थालाई दुई किस्तामा भुक्तानी गर्नेछः

- पहिलो किस्ता (४०%): विद्यार्थीहरू भर्ना भई विधिवत रूपमा कक्षा सञ्चालन भएको पुष्टि भएपछि।
- दोस्रो किस्ता (६०%): संस्थाले विद्यार्थीहरूको कम्तीमा ८०% हाजिरी प्रतिवेदन र नियमित नमुना परीक्षा (Mock Test) को प्रगति विवरण पेश गरेपछि।

३. संस्थाको जिम्मेवारीः

- तोकिएको मापदण्ड र समय तालिका अनुसार गुणस्तरीय ढंगले कक्षा सञ्चालन गर्ने।
- विद्यार्थीहरूको हाजिरी र नियमित प्रगतिको अनुगमन प्रतिवेदन नगरपालिकालाई बुझाउने।

४. अन्य सर्तः

नगरप्रमुख

प्राकृतिक प्रकोप वा अन्य अपरिहार्य कारण बाहेक संस्थाले बीचमा कक्षा रद्द गर्न पाइनेछैन।
यदि सम्झौताको पालना नभएमा नगरपालिकाले भुक्तानी रोक्का गर्न सक्नेछ।

नगरपालिकाको तर्फबाट:	शिक्षण संस्थाको तर्फबाट:
हस्ताक्षर:	हस्ताक्षर: .....
नाम:	नाम: .....
पद: प्रमुख प्रशासकीय अधिकृत	पद: प्रबन्ध निर्देशक / सञ्चालक
कार्यालयको छाप:	संस्थाको छाप: